१३२. नागरिक सचेतना र नागरिक सहभागिता सम्बन्धी कार्यक्रमहरुलाई प्राथमिकता दिईनेछ। नगरकार्यपालिकाबाट सञ्चालन हुने हरेक किसिमका आयोजना तथा कार्यक्रमहरु आम नगरबासीले अपनत्व महशुस गर्ने गरी टोल सुधार संस्थालाई समेत सहभागी गराई सञ्चालन गरिनेछ।

१३३. आम नागरिकमा कर तिर्नु सम्मानित हुनु पनि हो भन्ने परिवेश सिर्जना गर्न करदाता शिक्षा सञ्चालन गर्ने तथा नियमित कर तिर्ने करदातालाई सम्मान गर्ने व्यवस्था मिलाइनेछ।

१३४. राजश्व चुहावटलाई नियन्त्रण गर्न नीतिगत कानूनी, व्यवस्थापकीय तथा सांगठनिक पक्षहरुको कमजोरीलाई न्यूनीकरण गर्दै चुहावटका छिद्रहरु नियन्त्रण गर्न आवश्यक कानून तर्जुमा गरी लागू गरिनेछ।

१३५. करको दायरामा नपरेका सार्वजनिक तथा सरकारी जग्गामा बसोबास गर्ने नगरवासीहरुलाई करको दायरामा ल्याउन बहाल विटौरी कर लिने व्यवस्था मिलाइने छ साथै नगरक्षेत्रभित्रका बाटाघाटामा परेका जग्गाहरुको लगत कट्टाको कामलाई अगाडि बढाईने छ।

१३६. सबै करदातालाई करको दायरामा ल्याई स्थानीय सरकारको आन्तरिक आय वृद्धि गर्न कर संकलन घुम्ती अभियान सञ्चालन गरिने छ साथै राजश्व संकलनको झन्झटलाई सरलीकृत गर्न अनलाईन राजश्व संकलन प्रणाली अबलम्बन गरिनेछ।

१३७. नदीजन्य पदार्थको संकलन बिक्रीबाट थप राजश्व संकलन गर्न अनुगमन तथा अवलोकनलाई निरन्तरता दिई चोरी निकासीबाट हुने राजश्व चुहावटलाई रोक्ने नीति अवलम्बन गरिनेछ।

१३८. प्रचलित कानूनले निर्धारण गरे बमोजिम न्यायिक समिति र मेलमिलापाकेन्द्र मार्फत नगरवासीहरुको न्याय सम्पादन प्रक्रिया प्रभावकारी रुपमा छिटोछरितो, समान र सहज पहुँच पूऱ्याउने नीति लिईनुका साथै निःशुल्क न्यायिक तथा कानूनी परामर्श सेवालाई निरन्तरता दिईनेछ।

१३९. न्यायिक समितिको गतिविधिहरुलाई नागरिकस्तरसम्म पूऱ्याउन संचार प्रविधिको प्रभावकारी उपयोग गरी विद्युतीय न्याय व्यवस्थापन प्रणाली मार्फत अनलाईन निवेदन दर्ताको सुरुवात गरिनेछ।

१४०. मानव अधिकारको संरक्षण र प्रवर्द्धन गर्ने कार्यक्रम सञ्चालन गरिनेछ। साथै न्यायिक समिति र मेलमिलापकेन्द्रको व्यवस्थापन गर्न आवश्यक वजेटको व्यवस्था गरिनेछ।

१४१. न्यायिक समितिद्धार विभिन्न संघ संस्थाहरुसँग समन्वय गरी नगरपालिकाको विभिन्न स्कुल क्याम्पस, टोलसुधार समितिमा कानूनी अन्तरक्रिया कार्यक्रम सञ्चालन गरिनेछ।

१४२. न्यायिक समितिका पदाधिकारी तथा मेलमिलपकर्ताहरुलाई मेलमिलाप सम्वन्धी अभिमुखिकरण तालिमको व्यवस्था गर्नुका साथै मेलमिलापसँग संलग्न व्यक्तिहरुको क्षमता विकास गर्न अन्तरपालिका अध्ययन अवलोकन भ्रमणको व्यवस्था गरिनेछ।

**सभाका सदस्यज्यूहरु,**
अब म माथि उल्लेखित क्षेत्रगत नीति तथा कार्यक्रमहरु समावेश भएको दुधौली नगरपालिकाको बार्षिक नीति तथा कार्यक्रम कार्यान्वयनको लागि आवश्यक पर्ने श्रोत व्यवस्थापन तथा व्ययको विवरण समावेश भएको आर्थिक वर्ष २०८२/०८३ मा स्थानीय सञ्चित कोषमा हुने अनुमानित आम्दानी तथा खर्चको विवरण प्रस्तुत गर्न चाहान्छु।

**सभाका सदस्यज्यूहरु,**
सर्वप्रथम स्थानीय सञ्चित कोषमा हुने अनुमानित आम्दानीको विवरण प्रस्तुत गर्ने अनुमति चाहन्छु।

| क्र.सं | आय शीर्षकहरू | अनुमानित आय रकम |
|---|---|---|
| १ | नेपाल सरकारबाट प्राप्त हुने शसर्त चालु अनुदान | ४६,६४,००,०००।०० |
| २ | नेपाल सरकारबाट प्राप्त हुने शसर्त पुजिगत अनुदान | ५६,००,०००।०० |
| ३ | बागमती प्रदेश सरकारबाट प्राप्त हुने शसर्त चालु अनुदान | २,६४,४१,०००।०० |



CamScanner

| क.सं | आय शीर्षकहरू | अनुमानित आय रकम |
|---|---|---|
| ४ | बागमती प्रदेश सरकारबाट प्राप्त हुने शसर्त पुजिगत अनुदान | ६०,००,०००।०० |
| ५ | संघीय सरकारबाट प्राप्त हुने संघीय पूजिगत विशेष अनुदान . | ७४,००,०००।०० |
| ६ | संघीय सरकारबाट प्राप्त हुने संघीय समपुरक अनुदान | १,३४,००,०००।०० |
| ७ | बागमती प्रदेश सरकारबाट प्राप्त हुने समपुरक अनुदान बापतको रकम | २,३६,००,०००।०० |
| ८ | बागमती प्रदेश सरकारबाट प्राप्त हुने बिशेष अनुदान बापतको रकम | ६५,००,०००।०० |
| ९ | नेपाल सरकारबाट प्राप्त हुने वित्तीय समानिकरण अनुदान बापत प्राप्त हुने रकम | १६,९२,००,०००।०० |
| १० | बागमती प्रदेश सरकारबाट प्राप्त हुने वित्तीय समानिकरण अनुदान बापत प्राप्त हुने रकम | १,६६,६३,०००।०० |
| ११ | संघीय सरकारबाट राजश्व बाँडफाँट भई प्राप्त हुने रकम | १५,२१,४०,८१५।०० |
| १२ | बागमती प्रदेश सरकारबाट सवारीसाधन कर बाँडफाँट बापत प्राप्त हुने रकम | ६,७५,१४,१८६।२२ |
| १३ | बागमती प्रदेश सरकारसंग बाँडफाँट हुने दहत्तर बहत्तर शुल्क | २,००,००,०००।०० |
| १४ | घरजग्गा रजिष्ट्रेशन शुल्क बाँडफाँट वापत मालपोत कार्यालययबाट प्राप्त हुने रकम | ७,२८,२०,०००।०० |
| १५ | नगरपालिकाको आन्तरिक आयको विभिन्न शीर्षकमा संकलन हुने रकम | ८,८७,१७,९९९।०० |
| | जम्मा आय तर्फ | १,१४,२३,९७,०००।- |

**सभाका सदस्यज्यूहरु,**

उपरोक्त अनुमानित आयका शीर्षकमा उल्लेख भएको रकम मध्ये चालू खर्च तर्फ रु ७४ करोड २५ लाख ५८ हजार ५० रुपैंया अर्थात कुल बजेटको ६५ प्रतिशत र पूजिगत खर्च तर्फ रु ३९ करोड ९८ लाख ३८ हजार ९ सय ५० रुपैंया अर्थात ३५ प्रतिशत देखिएको छ। यसरी हेर्दा पूजिगत र चालू खर्चको सन्तुलनमा केही समस्या देखिए पनि सबैको सकारात्मक सहयोग भएमा खर्चको सन्तुलन हुदै जाने अपेक्षा गरिन्छ।

**सभाका सदस्यज्यूहरु,**

यो नीति, कार्यक्रम तथा बजेट कार्यान्वयन गर्ने सम्पूर्ण दायित्व हामी नगरपालिकाका सबै जनप्रतिनिधी, कर्मचारी र नगरवासीको काँधमा आएको छ। हामीले नगरपालिकाको समग्र विकासको लागि विकास साझेदार संघ संस्थाहरु र अन्य सरोकारवालाको सहयोग पनि लिनु पर्दछ। नगर विकासको लागि आवश्यक श्रोत सामाग्री व्यवस्थापनमा पनि यस नगरपालिकाका सम्पूर्ण नागरिकले महत्वपूर्ण भूमिका निर्वाह गर्ने अपेक्षा गरिएको छ। नगरपालिकाले गरेका राम्रा कामलाई प्रशंसा र प्रोत्साहन गर्ने र सुधार गर्नुपर्ने विषयहरुमा सबैको रचनात्मक एवं श्रृजनात्मक सुझावको अपेक्षा गरेको छु।

अन्त्यमा नगरपालिकाको समग्र विकासमा योगदान गर्न सबै राजनीतिक दल, राष्ट्रसेवक, श्रमिक, नीजि, सहकारी, सामुदायिक क्षेत्र, नागरिक समाज, सञ्चार जगत, लगायत सम्पूर्ण नगरवासी दिदीवहिनी तथा दाजुभाइहरुलाई आग्रह गर्दछु। यो नीति, कार्यक्रम तथा बजेट तयार गर्न महत्वपूर्ण योगदान गर्नु हुने प्रमुख प्रशासकीय अधिकृत, वडा अध्यक्ष लगायत कार्यपालिका सदस्यज्यूहरु, राजनैतिक दलका प्रमुख तथा प्रतिनिधिज्यूहरु, सम्पूर्ण राष्ट्रसेवक कर्मचारीहरु, सम्पूर्ण नगरबासी लगायत सम्पूर्णमा हार्दिक आभार व्यक्त गर्न चाहान्छु।

**धन्यवाद।**

चन्द्रकिशोर थारु
कार्यवाहक नगर प्रमुख

मिति २०८२/०३/१०



CamScanner